annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १६५ पृष्ठ ८ | काठमाडौं, बिहीबार १ कात्तिक २०८१ | आश्विन शुक्लपक्ष पूर्णिमा नेपाल संवत् ११४४ | THURSDAY, OCTOBER 17, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# महिलाले हाँकेका पालिका झन् अब्बल

देशभरका ७ सय ५३ पालिकामध्ये २५ वटामा महिलाको नेतृत्व छ। यो कुल संख्याको ३ प्रतिशत मात्र हो। महिलाले हाँकेका स्थानीय सरकार तुलनात्मक रूपमा राम्रा छन्। विवादित छैनन्। मूल नेतृत्वमा महिलालाई अघि सार्न नचाहने राजनीतिक दलको पुरानो सोचलाई नेतृत्वमा पुगेका महिलाले चिरेका छन्। चुनावको मुखैमा राजनीतिक दलहरूले चुनावी गठबन्धन गर्दा महिलाले पाउने संवैधानिक अधिकार खोसिने गरेको छ। पालिकाको प्रमुख र उपप्रमुख दुवै पदमा पुरुषहरू निर्वाचित हुने गरेका छन्। तर, दुवै पदमा महिला मात्र भएको देशभरका तीनवटा पालिका मात्र छन्। संविधान संशोधनको चर्चा चलिरहेका बेला मुख्य पदमा महिलाको नेतृत्वलाई व्यावहारिक रूपमै कार्यान्वयन गर्ने गरी पहल थाल्नुपर्ने संविधानविद्हरूको सुझाव छ।

समाचार पृष्ठ २

केशरराज क्षेत्री | बुटवल

– को रिपोर्ट


अम्बिका चलाउने


अरुणादेवी राई


विमला अर्याल


विमला राई


दीपा बोहरा दाहाल


गण्डकी थापा अधिकारी


गीता चौधरी


हीरादेवी शर्मा


कल्पनाकुमारी कटवाल


कौशिल्यादेवी इसनाथ


लक्ष्मी पाण्डे


मीना कार्की


मीनाकुमारी लामा


मोहनमाया ढकाल


पवित्रा महतरा


पार्वती सुनुवार


फूलवती राजवंशी


राजमती इंगनाम


रेनु दाहाल


रेनुका चौलागाईं


रिना कुमारी साह


रीताकुमारी शाही


सरस्वती दर्लामी


सुशीला शाही


ताराकुमारी महतो

## बीपी राजमार्ग राति बन्द



**काठमाडौं** (अन्नपूर्ण): सडक डिभिजन कार्यालय भक्तपुरले बीपी राजमार्गमा राति सवारीसाधन चलाउन रोक लगाएको छ। गत असोज ११ र १२ गते आएको अविरल वर्षाले राजमार्गको विभिन्न खण्डमा सडक बगाएपछि वैकल्पिक ट्र्याक निर्माण गरी सोमबारदेखि आवागमन खुलाइएको थियो।

सडक डिभिजन भक्तपुरले सार्वजनिक सूचना जारी गरी बेलुकी ६ बजेदेखि बिहानको ४ बजेसम्म धुलिखेल-भकुण्डेबेंसी-वर्षेखोला सडकखण्ड बन्द रहने जनाएको हो।

भकुण्डेबेंसी चौकीडाँडादेखि वर्षेखोलासम्म ट्र्याक निर्माण भए पनि मर्मत तथा सुधार गरी यात्रा थप सुरक्षित बनाउने काम भइरहेकाले जुनसुकै समयमा उक्त खण्डमा सुक्खा पहिरो झर्ने सम्भावना हुँदा राति बन्द गरिएको सडक कार्यालयले जनाएको छ।

## डडेल्धुरा बस दुर्घटनामा ५ को मृत्यु


**डडेल्धुराको अमरगढी नगरपालिका–७ खसरेखाननजिक मंगलबार राति दुर्घटना भएको बस।** ● धनबहादुर भण्डारी

**धनबहादुर भण्डारी** | *डडेल्धुरा*

मंगलबार राति १२ बजे डडेल्धुरामा भएको बस दुर्घटनामा परी ५ जनाको घटनास्थलमै ज्यान भएको छ। महेन्द्रनगरबाट सवारी लिई बैतडीको हाटपचौंडिका लागि छुटेको बस अमरगढी नगरपालिका-७ खसरेखाननजिक दुर्घटना हुँदा एकै परिवारका ४ सहित ५ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा एक शिशुसहित उनका आमाबुवा र हजुरआमा छन्।

बैतडीको पुर्चौंडी नगरपालिका-३ तोली गाउँकी २० वर्षीया कमला बोहरा दुई दिनको शिशुसहित श्रीमान् र आमासँगै पवनदूत यातायातको ना ८ ख १०७८ नम्बरको बसमा गाउँ फर्किंदै थिइन्।

» बाँकी पृष्ठ ६

## ‘प्रहरी समायोजन ऐन छिट्टै’

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओलीले संघीय संसदको आगामी अधिवेशनबाट विद्यमान नेपाल प्रहरी ऐनलाई संशोधन गर्ने विधेयक प्राथमिकताका साथ पारित गरिने बताएका छन्। नेपाल प्रहरीद्वारा आयोजित ६९औं प्रहरी दिवस, २०८१ समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले प्रहरी ऐन संशोधन गर्ने विधेयक मन्त्रिपरिषद्ले पारित गरिसकेकाले संशोधित कानुन संसद्बाट पारित भएपछि प्रहरीमा नयाँ दिनको उदय हुने जनाए। उनले विधेयकलाई हाल आवश्यक सुझावका लागि लोकसेवा आयोगमा पठाइएको जानकारी दिए।

प्रहरी दिवसकै अवसरमा सातै प्रदेशका मुख्यमन्त्रीहरूले प्रहरी समायोजनको विषयमा चासोसमेत राखेका छन्। मुलुकमा संघीयता आएको ९ वर्षसम्म पनि प्रहरी समायोजन नभएको भन्दै उनीहरूले असन्तुष्टि जनाएका छन्।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले संविधान बनेको ९ वर्ष पुगिसक्दासमेत प्रदेश सरकारअन्तर्गत प्रहरी समायोजन हुन नसक्नु दुःखद् भएको बताए। मुख्यमन्त्री कार्कीले संविधानअनुसार प्रदेश सरकारअन्तर्गत तत्काल प्रहरी समायोजन गर्नुपर्ने माग गरे। उनले प्रदेश मातहतमा प्रहरी समायोजन भएको दुई वर्षभित्रमा प्रहरीहरूलाई साधन स्रोत सम्पन्न बनाइने बताए। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज



पाण्डेले प्रहरी समायोजन नहुँदा प्रदेश सरकारको कामसमेत प्रभावित भएको बताए। ‘संवैधानिक व्यवस्थाअनुसार प्रदेशस्तरमा प्रहरी समायोजन भइसक्नुपर्थ्यो,’ उनले भने, ‘अहिले पनि २०१२ सालको ऐन देखाएर समायोजन गरिएको छैन।’

मुख्यमन्त्री पाण्डेले संविधानको व्यवस्था र संघीयताको मर्मअनुसार संघ सरकारले तत्काल प्रहरी समायोजन गर्नुपर्ने बताए। ‘सुरक्षाकर्मीलाई साधन स्रोत सम्पन्न बनाउन, आधुनिक प्रविधिसँग दक्ष बनाउन राज्यले अहिले भइरहेको भन्दा लगानी बढाउनुपर्ने आवश्यकता छ,’ उनले भने, ‘त्यसका लागि प्रहरी समायोजन एउटा महत्वपूर्ण पाटो हो।’

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले संघीय सरकारले ऐनहरू समयमा नबनाएका कारण प्रदेश सरकारले धेरै कुरा अगाडि बढाउन नसकेको गुनासो गरे। ‘देश संघीयतामा गए पनि अहिलेसम्म प्रदेशले पाउने अधिकार पाएको छैन। प्रदेशले पाउने अधिकार नपाएकै कारण प्रदेश सरकारले धेरै कामहरू अगाडि बनाउन सकेको छैन। त्यसैभित्र प्रहरी समायोजन पनि पर्छ’, मुख्यमन्त्री शाहले भने।

उनले प्रहरी समायोजनसहितका अधिकारहरू प्रदेशमा नदिने हो भने त्यसको विकल्प पनि सोच्नुपर्ने बेला आएको बताए। ‘प्रहरी समायोजन हुन्छ वा हुँदैन यसको जवाफ संघीय सरकारले दिनुपर्छ। संघीय नेतृत्वले दिनुपर्छ। समयमा संघीय सरकारले समायोजन प्रक्रिया अगाडि बढाउन पर्दछ, हैन भने त्यसको विकल्पका रूपमा के गर्न सकिन्छ संघीय सरकारले सोच्नु जरुरी छ’, मुख्यमन्त्री शाहले भने।

गृहमन्त्री रमेश लेखकले सघीय संसद्को आगामी अधिवेशनबाट प्रहरीसम्बन्धी नयाँ कानुन निर्माण गरेर कार्यान्वयनमा ल्याइने बताए। उनले सुरक्षा संगठनहरूलाई थप सशक्त बनाउन सरकारले गर्न सक्ने सबै उपायहरू अवलम्बन गरिने बताए।

» बाँकी पृष्ठ ६

